# अभिभावकहरू र विद्यार्थीहरूको अधिकार सम्बन्धी वार्षिक सूचना

सहभागितात्मक विद्यालय समिति

विद्यार्थी शुल्कहरू, जरिवानाहरू र चार्जहरू

परिवार शैक्षिक अधिकारहरू र गोपनियता अधिनियम

शीर्षक ६, ९, एडिए खण्ड ५०४

विद्यार्थीको जात वा नश्लियताको पहिचान

असक्तता भएका विद्यार्थीहरूको शिक्षा

विद्यार्थीको व्यवहार र अनुशासन

कुनै बच्चा नछुटोस् (नो चाईल्ड लेफ्ट बिहाईन्ड)

रोजाईको विद्यालय

उत्पीडन

नीति र कार्यक्रमहरू



**डेनभर पब्लिक स्कूल्सले यो जानकारी संवैधानिक आवश्यकता पूरा गर्नका लागि प्रस्तुत गरेका हुन्। यो तपाईंका लागि मदतगार हुनेछ भन्ने हामीलाई लागेको छ। यहाँ प्रस्तुत गरिएका शिक्षा बोर्डका नीतिहरूको समीक्षा र संसोधन हुनसक्छ। व्यक्तिगत शिक्षा बोर्डका नीतिहरूका व्यक्तिगत प्रतिलिपिहरू प्रत्येक डेनभर विद्यालयमा र वेब-पेज www.dpsk12.org विद्यालय बोर्ड नीतिहरू - मा उपलब्ध छन्। यी कुराहरूमा यदि तपाईंसँग कुनै प्रश्नहरू वा जिज्ञाशाहरू छन् भने कृपया आफ्नो विद्यालय प्रिन्सिपल, वा स्वागत केन्द्र टेलिफोन ७२०-४२३-३४०० टिटिवाइ-टिडिडि ७२०-४२३-३७४१ मा सम्पर्क गर्नुहोस्।**

जुन २०११

**सहभागितात्मक विद्यालय समिति - नीति बिडिएफएच**

**विद्यार्थी शुल्कहरू, जरिवानाहरू र चार्जहरू**

डेनभर पब्लिक स्कूल्स ("डिपिएस" वा "डिस्ट्रिक्ट") नीति जेक्यु, जसलाई प्रिन्सिपलको कार्यालयमा हेर्न सकिन्छ - ले शुल्क र लागतहरू निम्न तरिकाले स्थापना गरेको छ :

- ❖ नियमित पाठ्यक्रममा खर्च गर्नु नपर्ने पाठ्यपुस्तकहरूमा कुनै चार्ज (शुल्क) लाग्दैन;
- ❖ आधारभूत आवश्यकता र/वा विद्यार्थीले राख्नु पर्ने पूर्तीहरूका लागि वास्तविक लागतका चार्जहरू *;
- ❖ अन्तरस्कोलास्टिक खेलकूदका लागि चार्जहरू*;
- ❖ वार्षिक रूपमा आवश्यक हुने अन्तरस्कोलास्टिक खेलकूद शारीरिक परीक्षणका लागि चार्जहरू - आमाबाबु/अभिभावकको जिम्मेवारी;
- ❖ उन्नत स्थापन पुस्तकहरू र परीक्षाहरूका लागि चार्जहरू;
- ❖ हराएका/क्षति भएका पुस्तकालय पुस्तकहरूका लागि चार्जहरू;
- ❖ अन्य - डिपिएस नीति जेक्यु हेर्नुहोस् ।

निर्धन विद्यार्थीहरूलाई आफ्नै सम्पत्ति हुने सामग्रीहरूको वास्तविक लागत बाहेक अन्य कुनै शुल्कहरू जरिवानाहरू वा चार्जहरू लगाइनेछैनन् । निर्धन विद्यार्थी त्यस्तो विद्यार्थी हो जो राष्ट्रिय आय गरिबी मार्गदर्शन अन्तर्गत निशुल्क वा न्युनशुल्क लन्चका लागि योग्य हुन्छ । यदि आमाबाबु वा अभिभावकलाई आफ्नो बच्चा योग्य हुन्छ भन्ने लाग्छ भने उनीहरूले प्रिन्सिपलको कार्यालयमा सम्पर्क राख्न सक्नेछन् ।

**यदि विद्यार्थीले क्रियाकलापमा भाग लन चाहेमा मात्र यी चार्चहरू लाग्नेछन् ।*

**परिवार शिक्षा अधिकारहरू तथा गोपनियता अधिनियम (एफइआरपिए)**

डिपिएसले आमाबाबु/अभिभावक र योग्य विद्यार्थीहरूलाई एफइआरपिए अन्तर्गतका उनीहरूका अधिकारहरू सम्बन्धी वार्षिक सूचना प्रदान गर्दछ । विद्यार्थी अभिलेखहरू/विद्यार्थीहरूको जानकारी रिलिज (नीति जेआरए/जेआरसि) प्रत्येक डेनभर पब्लिक स्कूल्सको डिपिएस वेबपेज **www.dpsk12.org** विद्यालय बोर्ड - नीतिहरूमा उपलब्ध छन् । अभिभावकहरू वा योग्य विद्यार्थीहरूमा प्रत्यायोजित अधिकारहरूको उल्लङ्घन बारे गुनासोहरूलाई डेनभर पब्लिक स्कूल्स, विद्यार्थी अभिलेख कार्यालय, ९०० ग्रान्ट स्ट्रिट, डेनभर सिओ ८०२०३ वा परिवार नीति कम्प्लायन्स कार्यालय, अमेरिकी शिक्षा विभाग, ४०० म्यारील्यान्ड एभिन्यु एसडब्लु, वासिङ्टन डिसि २०२०२-४६०५ मा सम्बोधित गर्न सकिनेछ ।

***<u>अधिकारहरू</u>*** : फेडेरल र राज्य कानुनहरूले विद्यार्थी शिक्षा अभिलेखहरूको गोपनियता संरक्षण गरेका छन् । कानुनले अभिभावकहरू र योग्य विद्यार्थीहरू (१८ वर्ष वा माथिका) लाई, डिस्ट्रिक्टले पहुँचका लागि अनुरोध प्राप्त गरेको ४५ दिनभित्रमा, अभिलेखहरू निरीक्षण र समीक्षा गर्ने; दुरुस्त नभएका वा भ्रामक अभिलेखहरूलाई सच्याउन विद्यालयलाई अनुरोध गर्ने; र कानुनले र डिस्ट्रिक्ट नीति जेआरए/जेआरसिले अनुमति दिए बाहेक अभिभावक/योग्य विद्यार्थीको लिखित अनुमति बगैर अभिलेखहरूको रिलिज (खुलासा) को नियन्त्रण गर्ने अधिकार दिएको छ । अभिभावकहरू/योग्य विद्यार्थीहरूलाई विद्यार्थी अभिलेखका प्रतिहरू अनुरोध गरेको खण्डमा र १.२५ डलर प्रतिपृष्ठ ननाघ्ने गरी लागत भुक्तानी गरेमा उपलब्ध गराइनेछ ।

***<u>अभिलेखहरू समीक्षा/निरीक्षण गर्नका लागि प्रक्रियाहरू :</u>*** अभिभावकहरू वा योग्य विद्यार्थीहरूले विद्यालय प्रिन्सिपल वा डिस्ट्रिक्टको विद्यार्थी अभिलेख कार्यालयलाई, विद्यार्थीले ग्राजुएट गरेको हो वा विद्यालय छाडेको हो भन्ने जानकारी सहित, निरीक्षण गर्न चाहेको अभिलेख पहिचान हुने गरी एउटा लिखित आवेदन बुझाउनु पर्दछ । प्रिन्सिपल वा अन्य डिस्ट्रिक्ट पर्सोनेलले पहुँचका लागि व्यवस्था मिलाउनेछन् र अभिभावक वा योग्य विद्यार्थीलाई अभिलेखहरू निरीक्षण गरिने स्थान र समयबारे सूचीत गर्नेछन् । एकल विद्यालय कार्यालयहरू ग्रीष्मको धेरैजसो समयमा बन्द हुनसक्छन् । विद्यालयमा व्यवस्थित विद्यालय अभिलेखहरू आवश्यक हुने अभिभावकहरू वा योग्य विद्यार्थीहरूलाई विद्यालय वर्ष अन्त्य हुनुभन्दा अगावै सोका प्रतिलिपिहरू अनुरोध गर्न प्रोत्साहित गरिन्छ ।

***<u>अभिलेखहरू संसोधन गर्नका लागि प्रक्रियाहरू :</u>*** डिस्ट्रिक्टलाई अभिलेख संसोधित गरिमाग्न इच्छुक अभिभावकहरू वा योग्य विद्यार्थीहरूले विद्यालय प्रिन्सिपललाई आवेदन लेख्नुपर्दछ, आफूहरूले परिवर्तन गर्न चाहेको अभिलेखको भाग स्पष्टसँग पहिचान गर्नुपर्दछ र किन सो गरिँदैछ भन्ने कुरा स्पष्ट खुलाउनु पर्दछ । यदि डिस्ट्रिक्टले अभिभावक वा योग्य विद्यार्थीले अनुरोध गरे बमोजिम अभिलेख संसोधन नगर्ने निर्णय गर्छ भने, डिस्ट्रिक्टले अभिभावक वा योग्य विद्यार्थीहलाई सो निर्णयको सूचना दिनेछ र उनीहरूलाई अभिलेख संसोधनका लागि सुनुवाइ अनुरोध गर्ने अधिकारबारे सल्लाह दिनेछ । सुनुवाइ प्रक्रियाहरूका बारेमा अतिरिक्त जानकारी अभिभावक वा योग्य विद्यार्थीलाई सुनुवाइको अधिकार सूचीत गरेका बेला प्रदान गरिनेछ ।

***पूर्व अनुमति बेगर प्रकटिकरण :*** एउटा अपवाद, जसले पूर्व अनुमति बेगर प्रकटिकरणको अनुमति दिन्छ, आधिकारिक शैक्षिक रुचिहरूका लागि विद्यालय अफिसियलहरूलाई हो । विद्यालय अफिसियल त्यस्तो व्यक्ति हो जसलाई डिस्ट्रिक्टले प्रशासक, सुपरिवेक्षक, अध्यापक, वा सहयोगी स्टाफ सदस्य (स्वास्थ्य वा मेडिकल स्टाफ र कानुन कार्यान्वयन एकाइ पर्सोनेल सहित) रूपमा रोजगार दिएको छ; विद्यालय बोर्डमा सेवा गर्ने व्यक्ति; स्वीकृत स्वयम्सेवक वा अभिभावक वा विद्यार्थी जसले अफिसियल समितिमा सेवा गरिरेहेको छ, जस्तै अनुशासनात्मक वा गुनासो समिति, अन्य विद्यालयको अफिसियललाई उसको काम गर्न सहयोग गर्ने व्यक्ति । विद्यालय अफिसियल त्यस्तो व्यक्ति वा कम्पनि पनि हुनसक्छ जसलाई डिस्ट्रिक्टले आफ्नै कामदार र अफिसियलहरू प्रयोग गर्नुको साटो सेवा दिनका लागि करारमा लिएको हुन्छ (जस्तै एटर्नी, लेखापरीक्षक, मेडिकल परामर्शदाता, वा थेरापिस्ट), तर जो डिस्ट्रिक्टको सीधा नियन्त्रणमा हुन्छ र जसले व्यक्तिगत रूपमा पहिचान योग्य जानकारी पुनर्वितरण नगर्न सम्झौता गरेको हुन्छ ।

विद्यालय अफिसियलहरूले उनीहरूको आधिकारिक शैक्षिक रूचि भएका शैक्षिक अभिलेखहरूमात्र प्राप्त गरून् भनी सुनिश्चित गर्न डिस्ट्रिक्टले युक्तिसङ्गत उपायहरू प्रयोग गर्नेछ । विद्यालय अफिसियलको आधिकारिक शैक्षिक रुचि हुन्छ जब जब उनीहरूलाई शैक्षिक अभिलेखको समीक्षा आफ्नो अफिसियल काम अनुरूप निम्न उद्देश्यका लागि हुन्छ : क) विद्यार्थीको शैक्षिक विकासमा अभिभावक वा योग्य विद्यार्थीलाई सहयोग प्रदान गर्नका लागि विद्यार्थीको अभिलेखबाट जानकारी लिन वा खोज्न; ख) अभिलेखहरूको व्यवस्थापनमा सहयोग प्रदान गर्न; ग) प्रशासनिक स्टाफद्वारा स्वीकृत शैक्षिक अनुसन्धान सञ्चालन गर्न; वा घ) सुरक्षित र व्यवस्थित वातावरण कायम राख्न ।

अनुरोध भएको खण्डमा, डिस्ट्रिक्टले शैक्षिक अभिलेखहरू अनुमति बेगर नै अन्य विद्यालय डिस्ट्रिक्टका अफिसियलहरूलाई उपलब्ध गराउन सक्नेछ जहाँ विद्यार्थीले भर्ना लिन खोजेको वा चाहेको छ, भर्ना भइसकेको छ, जहाँसम्म सो उपलब्धता विद्यार्थीको भर्ना वा स्थानान्तरणसँग सम्बन्धित छ; वा राज्य कानुन र डिस्ट्रिक्ट नीति अनुसार अन्य एजेन्सीलाई उपलब्ध गराउनेछ । पूर्व विद्यालय डिस्ट्रिक्ट सहितको अनुशासनात्मक जानकारी, हरेक शिक्षक र परामर्शदातालाई सञ्चार गरिनेछ जसको सोझो सम्पर्क विद्यार्थीसँग छ; त्यस्ता व्यक्तिले सो जानकारीको गोपनियता कायम राख्नु पर्दछ र उनलाई सो जानकारी अन्य व्यक्तिसँग सञ्चार गर्ने अधिकार हुँदैन ।

***डाइरेक्टरी जानकारी :*** डिस्ट्रिक्टले "डाइरेक्टरी" जानकारी प्रकटिकरण गर्नेछ जबसम्म अभिभावक/योग्य विद्यार्थीले वार्षिक रूपमा त्यस्तो प्रकटिकरणको आपित्त भर्नाको दुई हप्ता भित्र सुपरिटेन्डेन्टलाई गर्दैनन् । डाइरेक्टरी जानकारीमा निम्न कुरा सामेल हुन्छ : नाम, जन्ममिति, लिङ्ग, अफिसियल रूपमा पहिचान गरिएका क्रियाकलापमा सहभागिता, खेलाडीहरूको वजन र उचाइ, प्राप्त गरेका पुरस्कार र डिग्रीहरू, उपस्थितिका मितिहरू र फोटोहरू ।

***मेडिकल जानकारी :*** डिस्ट्रिक्टले शैक्षिक अभिलेखबाट व्यक्तिगत रूपमा पहिचानयोग्य जानकारी आकस्मिकतासँग सम्बन्धित उपयुक्त पार्टीहरूलाई प्रकटिकरण गर्न सक्नेछ यदि सो जानकारीको ज्ञान विद्यार्थी वा अन्य व्यक्तिहरूको स्वास्थ्य र सुरक्षा संरक्षण गर्न आवश्यक हुन्छ ।

विद्यार्थी अधिकारहरूको संरक्षण संसोधन ("पिपिआरए")

पिपिआरएले सर्वेक्षण सञ्चालन, बजारिकरणको उद्देश्यका लागि जानकारीको सङ्कलन र प्रयोग, र केही शारीरिक परीक्षाहरूका सम्बन्धमा अभिभावकहरूलाई केही अधिकारहरू प्रत्यायोजन गरेको छ । यी अधिकारहरूमा निम्न सामेल छन् :

- विद्यार्थीहरूले निम्न क्षेत्रहरू ("संरक्षित जानकारी सर्वेक्षण)" मध्ये एक वा बढीमा सर्वेक्षण बुझाउनु आवश्यकता अगाडि ***सहमति*** यदि सो सर्वेक्षण आंशिक वा पूर्ण रूपमा अमेरिकी शिक्षा विभाग ("इडि") द्वारा फन्ड (लागत) गरिएको छ ।

  १. विद्यार्थी वा विद्यार्थीका अभिभावकको राजनैतिक झुकाव वा विश्वास;
  २. विद्यार्थी वा विद्यार्थीका परिवारको मानसिक वा मनोवैज्ञानिक समस्याहरू;
  ३. यौनिक व्यवहार वा अभिवृत्तिहरू;
  ४. अवैध, गैर-सामाजिक, स्व-विभेदिकरण वा होचो देखाउने व्यवहार;
  ५. प्रतिक्रियादाताहरूको नजिकको पारिवारिक नातेदारहरूको समालोचकीय मूल्याङ्कन;
  ६. कानुनी रूपमा पहिचान गरिएका विशेषाधिकृत सम्बन्धहरू जस्तै वकीलहरू, डाक्टरहरू, वा मिनिस्टरहरू;
  ७. विद्यार्थी वा अभिभावकहरूको धार्मिक अभ्यासरू, सम्बन्धनहरू वा विश्वासहरू; वा
  ८. कार्यक्रम योग्यता निर्धारण गर्नका लागि कानुनद्वारा आवश्यक भन्दा अन्य आय ।

- ***विद्यार्थीहरूलाई निम्नबाट बाहिर निकाल्ने विकल्पको सूचना प्राप्ति र अवसर :***

१. जसको फन्डिङ (लागत) भए पनि अन्य कुनै संरक्षित जानकारी सर्वेक्षण;
२. कुनै गैर आकस्मिक, आक्रामक शारीरिक परीक्षण वा छानबिन जुन उपस्थितिको सर्तको रूपमा आवश्यक हुन्छ जुन विद्यालय वा सोको एजेन्टद्वारा सञ्चालन गरिन्छ, र जुन सुनाइ, दृष्टि, स्कोलियोसिस छानबिन, वा अन्य कुनै परीक्षण वा छानबिन जुन राज्यद्वारा अनुमति प्राप्त छन् वा राज्य कानुन अन्तर्गत आवश्यक छन्, सो बाहेकका विद्यार्थीको तात्कालिक स्वास्थ्य र सुरक्षाको संरक्षणका लागि आवश्यक छैन; र
३. बजारिकरण गर्न वा बेच्न वा अन्य तरिकाले जानकारी अन्यलाई वितरण गर्न विद्यार्थीहरूबाट प्राप्त व्यक्तिगत जानकारीको सङ्कलन, प्रकटिकरण वा प्रयोग संलग्न हुने क्रियाकलापहरू ।

- **सञ्चालन (एडमिनिस्ट्रेसन) वा प्रयोग अगाडि अनुरोधको निरीक्षण गर्न् :**

१. विद्यार्थीहरूको संरक्षित जानकारी सर्वेक्षणहरू;
२. माथिको बजारिकरण, बिक्री वा अन्य उद्देश्यित वितरणका लागि विद्यार्थीहरूबाट व्यक्तिगत जानकारी सङ्कलन गर्न प्रयोग गरिएका उपकरणहरू; र
३. शैक्षिक पाठ्यक्रमको भागका रूपमा प्रयोग गरिएको शैक्षणिक सामग्री.

यी अधिकारहरू राज्य कानुन अन्तर्गत अभिभावकहरूबाट १८ वर्ष पुगेका विद्यार्थीहरू र मुक्त गरिएका बालबालिकहरूमा स्थानान्तरण हुन्छन् ।

अभिभावकहरूसँग छलफल गरेर डिस्ट्रिक्टले, यी अधिकारहरू, साथसाथै संरक्षित जानकारी सर्वेक्षणको सञ्चालनमा विद्यार्थीको गोपनियता सुरक्षित गर्ने व्यवस्था र बजारिकरण, बिक्री, र अन्य वितरण उद्देश्यका लागि व्यक्तिगत जानकारीको सङ्कलन, प्रकटिकरण वा प्रयोग सम्बन्धी नीतिहरू विकसित र स्वीकार गर्नेछ ।

वार्षिक सूचना आवश्यक पर्ने विशिष्ट क्रियाकलापहरू र सर्वेक्षणहरूको सूची तल दिइएको छ :

- ✓ बजारिकरण, बिक्री र अन्य वितरणका लागि व्यक्तिगत जानकारीको सङ्कलन, प्रकटिकरण र प्रयोग;
- ✓ इडिद्वारा आंशिक वा पूर्ण रूपमा फन्ड नगरिएको संरक्षित जानकारी सर्वेक्षणलाई सञ्चालन गर्ने;
- ✓ माथि व्याख्या गरिए अनुसार कुनै गैर-आकस्मिकता, आक्रामक शारीरिक परीक्षण वा छानबिन ।

डिस्ट्रिक्टले अमरेकी हुलाक वा इमेलजस्ता माध्यमबाट माथि नोट गरिएका विशिष्ट क्रियाकलाप वा सर्वेक्षणमा सहभागी हुने विद्यार्थीहरूका अभिभावकहरूलाई सोझै सूचीत गर्नेछ र अभिभावकलाई आफ्नो बच्चा विशिष्ट क्रियाकलाप वा सर्वेक्षणमा सहभागी हुनबाट निकाल्ने विकल्प छनोट गर्ने अवसर प्रदान गर्नेछ । प्रत्येक विद्यालय वर्षको सुरुमा, प्रत्येक विद्यालयले अभिभावकहरूलाई माथि सूचीकृत क्रियाकलापहरू/सर्वेक्षणहरू हुने तय गरिएका अनुमानित मितिहरू सूचीत गर्नेछन् ।

विद्यालय वर्ष सुरु भएपछि तय गरिएका सर्वेक्षणहरू र क्रियाकलापहरूका हकमा, अभिभावकहरूलाई योजना गरिएका माथि सूचीकृत क्रियाकलापहरू र सर्वेक्षणहरूका बारेमा युक्तिसङ्गत सूचना प्रदान गरिनेछ र उनीहरूलाई आफ्नो बच्चा त्यस्ता क्रियाकलापहरू र सर्वेक्षणहरूबाट निकाल्ने विकल्प छनोट गर्ने अवसर प्रदान गरिनेछ ।

**सैनिक भर्तीकर्ताहरूलाई जानकारीको रिलिज (खुलासा)**

भर्तीकर्ताहरूको अनुरोधमा, हाईस्कूल विद्यार्थीहरूको नाम, घरको ठेगानाहरू र टेलिफोन नम्बरहरू सैनिक भर्तीकर्ताहरूलाई रिलिज (खुलासा) गरिनेछ जबसम्म अभिभावक/योग्य विद्यार्थीले वार्षिक रूपमा त्यस्तो रिलिज प्रति लिखितमा सुपरिन्टेन्डेन्टलाई आपित्त गर्दैनन् । भर्तीकर्ताहरूले यस जानकारीलाई सैनिक सेवाहरूका विषयमा जानकारी प्रदान गर्नका लागि मात्र प्रयोग गर्न सक्छन् । बोर्ड नीति जेआरए/जेआरसि अनुसार डिस्ट्रिक्टले अभिभावकहरूलाई जानकारीको यस खुलासा सम्बन्धमा पूर्व लिखित सूचना प्रदान गर्नेछन् । यसमा जानकारीको खुलासा अस्वीकृत गर्नका निम्ति विस्तारित जानकारी सामेल हुनेछ । अभिभावक वा विद्यार्थीले विद्यार्थीको नाम, ठेगाना, र टेलिफोन सूची पूर्व लिखित अभिभावकीय सहमति बिना खुलासा नगरियोस् भनी अनुरोध गर्न सक्नेछन् ।

**मेडिकेडलाई जानकारीको रिलिज (खुलासा)**

मेडिकेड प्रदायकका रूपमा डिपिएसले, डिपिएसमा भर्ना भएका विद्यार्थीहरूका लागि स्वास्थ्य स्याहार नीति तथा फाइनान्सिङ (एचसिपिएफ) बाट मेडिकेड योग्यता जानकारी प्राप्त गर्नेछ । एचसिपिएफ राज्यबाट नियुक्त मेडिकेड एजेन्सी हो । डिस्ट्रिक्टमा विद्यार्थीहरूको मेडिकेड योग्यता प्रमाणित गर्नका लागि नाम, जन्ममिति र लिङ्ग भएको डाइरेक्टरी जानकारी एचसिपिएफलाई खुलासा गरिनेछ । मेडिकेड योग्य विद्यार्थीहरूलाई प्रदान गरिएको स्वास्थ्य र स्वास्थ्य सम्बन्धित सेवाहरूको व्याख्या मेडिकेड र/वा डिस्ट्रिक्ट बिलिङ

एजेन्टलाई कार्यक्रमको उपयुक्त सञ्चालनका लागि खुलासा गरिनेछ । लेनदेनको मितिसहितको अभिलेख डिपिएस विद्यालय मेडिकेड कार्यालयमा फाइमा राखिनेछ ।

**शीर्षक ६, ९, एडिए खण्ड ५०४**

डिपिएसले जाति, रङ, सम्प्रदाय, उत्पत्ति राष्ट्र वा पुर्खाहरू, लिङ्ग, उमेर, वा असक्तताका आधारमा यसका शैक्षिक कार्यक्रमहरूमा भर्ना वा पहुँच, वा उपचारमा विभेद गर्दैन । विभेदका चासोहरूका लागि गुनासो (सिकायत) प्रक्रिया उपलब्ध छ । विभेदकारी व्यवहारका आरोपहरूको सोधपुछ वा गुनासोहरू नागरिक अधिकारहरूका लागि अमेरिकी शिक्षा विभागको कार्यालय, १२४४ स्पियर बुलेभार्ड, डेनभर सिओ ८०२०४-३५८२ वा डिपिएसको निर्धारित स्टाफलाई निम्न तरिकाले सम्बोधन गर्न सकिनेछ : विद्यार्थी सेवाहरूको एक्जिक्युटिभ निर्देशक (९०० ग्रान्ट स्ट्रिट, डेनभर, सिओ ८०२०३, दोस्रो तला, फोन ७२०-४२३-३४३७ वा टिटिवाइ-टिडिडि - ७२०-४२३-३७४१) १९७३ को पुनसर्थापना अधिनियमको खण्ड ५०४ का लागि, संसोधित (२९ यु.एस.सि.§ ७९४) र असक्तता भएका अमेरिकीहरू अधिनियम, संसोधित (४२, यु.एस.सि. १२१०१ एट.सेक) चासोहरू; खेलकूद निर्देशक (फोन ७२०-४२३-६१७३) वा मानव संसाधनको एक्जिक्युटिभ निर्देशक (९०० ग्रान्ट स्ट्रिट, डेनभर, सिओ ८०२०३) १९७२ का शैक्षिक संसोधनहरू (२० यु.एस.सि १६८१) लैङ्गिक झुकाव मुद्दा को शीर्षक ९ का लागि ।

डिस्ट्रिक्ट/विद्यालय क्रियाकलापहरूमा भाग लिन चाहने असक्तता भएका व्यक्तिहरूलाई अनुरोध गरिएको खण्डमा युक्तिसङ्गत एकोमोडेसन (सुबिधा) हरू प्रदान गरिनेछ । कृपया क्रियाकलापको कम्तिमा तीन कार्यदिन पहिले विद्यालय/विभागमा सम्पर्क गर्नुहोला ।

**विद्यार्थीहरूको जाति र नश्लियताको पहिचान**

फेडेरल र राज्य सूचना आवश्यकताहरू पालन गर्नका लागि, डिपिएसले आमाबाबु/अभिभावकले दिएको जानकारीलाई आधार मानेर प्रत्येक विद्यार्थीलाई जात वा नश्लियताबाट पहिचान गर्दछ । शिक्षा बोर्डले, मे १९७५ मा पास गरेको प्रस्ताव मार्फत, अभिभावकलाई त्यस्तो पहिचान गरिएको छ भनी वार्षिक रूपमा सूचना गर्नु आवश्यक हुन्छ । यदि तपाईंलाई आफ्नो बच्चाका लागि निर्मित अभिलेखित पहिचान जान्न मन लागेमा, तपाईंले सो जानकारी व्यक्तिगत रूपमा आफ्नो बच्चाको विद्यालयमा सम्पर्क राखेर प्राप्त गर्न सक्नुहुन्छ । यदि सो पहिचान गलत भएमा विद्यालयको स्टाफले सच्याउने प्रक्रिया बारे व्याख्या गर्नेछन् ।

**असक्तता भएका विद्यार्थीहरूको शिक्षा**

असक्तता भएको कुनै पनि विद्यार्थी जो डेनभर वासी छ, विद्यार्थीको एक्काइसौं जन्मदिन पुग्दा सेमेस्टरद्वारा तीन वर्षको हुन्छ, ऊ असक्तता नभएका विद्यार्थीहरू र वा तिनीहरूका आमाबाबु/अभिभावकहरूलाई लाग्ने शुल्कभन्दा बाहेक, विद्यार्थी वा आमाबाबु/अभिभावकलाई कुनै शुल्क नलाग्ने गरी निशुल्क, उपयुक्त पब्लिक शिक्षाका लागि योग्य हुन्छ । अन्य सामुदायिक एजेन्सीहरूसँग साझेदारी गरेर डिपिएस प्रारम्भिक हस्तक्षेप सेवाहरूका लागि पहिचान, मूल्याङ्कन, र योग्यता निर्धारण गर्न चाहन्छ र तीन वर्ष मुनिका बच्चाहरूका लागि समुदायसँग समन्वय गरेर परिवारहरूलाई उपयुक्त स्रोतहरू र सेवाहरू पत्ता लगाउन चाहन्छ ।

कुनै पनि प्रश्न विद्यार्थी भर्ना भएको विद्यालयको प्रिन्सिपल वा विशेष शिक्षा कार्यालय (७२०-४२३-३४३७) तिर निर्देशित हुनु पर्दछ । आमाबाबु/अभिभावकहरूलाई आफ्ना बच्चालाई सम्भावित विशेष शिक्षा सेवाहरूका लागि मूल्याङ्कनका लागि रेफर (सिफारिस) गर्ने अधिकार रहेको छ ।

**विद्यार्थी अनुशासन - नीति जेके (नीतिहरू जेके-आर विद्यार्थी व्यवहार र अनुशासन प्रक्रियाहरू, र जेकेएफ असक्तता भएका विद्यार्थीहरूको अनुसासन पनि हेर्नुहोस्)**

अनावश्यक व्यवधानरहित सुरक्षित र व्यवस्थित विद्यालय वातावरण डिस्ट्रिक्टको उद्देश्य हासिल गर्नका लागि आवश्यक हुन्छ र सो विद्यार्थीहरू, स्टाफ, अभिभावकहरू, र समुदायको सामुहिक जिम्मेवारी हुन्छ ।

डिपिएस व्यवहार नियमहरू, उपयुक्त व्यवहारको शिक्षण र पुनर्बल, र आफ्ना कामहरूका लागि विद्यार्थीहरूलाई जबाफदेही बनाएर, प्रत्येक विद्यार्थीहरूका लागि स्व-अनुशासन प्राप्त गर्न चाहन्छ । प्रभावकारी अनुशासनात्मक कार्यक्रमका लागि सकारात्मक विद्यालय वातावरण आवश्यक घटक हो ।

निम्नलिखित कामहरू स्पष्ट रूपमा प्रतिबन्धित छन्, र सोका लागि विद्यार्थीहरूका लागि अनुशासनात्मक कार्बाही हुनसक्छ :

१. विद्यालय परिसर भित्र वा बाहिरको व्यवहार जुन अन्य विद्यार्थीहरू वा विद्यालय पर्सोनेलका लागि हानिकारक हुन्छ जसमा अन्य कुनै व्यक्तिलाई शारीरिक हानीको आतन्क सिर्जना गर्ने जानाजान वा अभद्र व्यवहार सामेल छ;

२. त्यस्तो व्यवहार जसले विद्यालयको अन्य विद्यार्थीहरूलाई शैक्षिक अवसरहरू प्रदान गर्ने क्षमतालाई अवरोध गर्दछ;

३. विद्यालय परिसर( सम्पत्ति)मा, विद्यालय वाहनहरूमा, वा विद्यालयका समारोहहरूमा बाधा उत्पन्न गर्नु;

४. नीतिमा परिभाषित गरिए अनुसार, खतरनाक हतियार ल्याउनु, बोक्नु, प्रयोग गर्नु वा स्वामीत्व हुनु;

५. विद्यालय प्रशासकहरूले समय समयमा निर्धारण र प्रतिबन्धित गरे अनुसार ग्याङ-सम्बन्धित क्रियाकलापहरू र त्यस्ता ग्याङ सम्बन्धित विशेषताहरू जस्तै रङ, हाते चिन्ह, ग्राफिटी, पोसाक, गहना, नोटबुकहरू, टेडमार्कहरू, र अन्य कुनै पनि सामग्री जसले ग्याङसँग सम्बन्ध देखाउँछ;

६. विद्यालयको सम्पत्ति वा विद्यालयका वाहनहरूमा मदिरा, लागू औषधि वा नियनत्रित पदार्थहरूको बिक्री, वितरण, स्वामीत्व, प्रयोग वा तिनको प्रभावमा हुनु ;

७. झगडा;

८. आक्रमण;

९. डकैती;

१० चोरी, लार्सेनी, वा फोर्ने र भित्रिने;

११. सुर्तीको स्वामीत्व वा प्रयोग;

१२. विद्यालयको कर्मचारी विरूद्ध जानाजान बाल दुवर्यवहारको गलत आरोप लगाउनु;

१३. उत्पीडन;

१४. बुलिइङ;

१५. विद्यालय सम्पत्ति वा अन्य सम्पत्तिलाई जानाजान क्षति पुऱ्याउनु वा बिगार्नु;

१६. अश्लीलता र छाडापनको प्रयोग;

१७. गालि गलोजहरूको प्रयोग जसमा निम्नमा आधारित सामेल छन् तर त्यतिमै सीमित छैनन् - असक्तता, नश्लियता, लिङ्ग, जात, धर्म वा यौनिक झुका वा लैङ्गिक पहिचान;

१८. बाधाकारी व्यक्तिगत देखावट वा व्यक्तिगत स्वास्थ्यको कमि;

१९. विद्यालय डिस्ट्रिक्ट वा विद्यालय डिस्ट्रिक्ट कोडहरूको उल्लङ्घन वा बाधाकारी ठानिने पोसाकको पहिरन;

२०. उपयुक्त अथोरिटीलाई जानाजान अटेरी गर्नु वा खुला र निरन्तर अवज्ञा;

२१. कुनै विद्यालय कर्मचारी वा वयस्क स्वयम्सेवकको व्यक्ति वा सम्पत्तितर्फ निर्देशित हमला, अव्यवस्थित व्यवहार वा अपराधी व्यवहार;

२२. विद्यालय परिसर भित्र वा बाहिर हुने त्यस्तो व्यवहार जसमा हिंसाको अपराध हुन्छ, यदि वयस्कद्वारा गरिएको छ भने, अन्य विद्यार्थीहरू वा विद्यालय पर्सोनेलहरू संलग्न भए पनि नभए पनि;

२३. व्यक्तिहरू वा सम्पत्ति बिरूद्ध प्रत्यक्ष वा अप्रत्यक्ष धमकी;

२४. अन्य विद्यार्थीहरूलाई शैक्षिक अवसरहरू प्रदान गर्ने विद्यालयको क्षमतामा निरन्तर अवरोध;

२५. आदतन बाधाकारी विद्यार्थी घोषणा, जस्तै त्यस्तो विद्यार्थी जसलाई विद्यालय वर्षमा तीन वा सोभन्दा बढीपल्ट त्यस्तो दुर्व्यवहारका लागि निलम्बन गरिएको छ जसले भौतिक र प्रशस्त बाधा पुऱ्याएको छ जुन विद्यार्थीका पक्षबाट सुरु गरिएको, जानाजान र खुला छ; र जुन कक्षाकोठामा, विद्यालयमा, विद्यालय मैदानमा, विद्यालय वाहनहरूमा, वा अतिरिक्त क्रियाकलापहरू वा समारोहहरूमा घटेको छ।

अनुशासनात्मक प्रक्रियाहरूले बाँकी प्रक्रियाको माग गर्नेछन्,जसलाई निरन्तर र बराबरी प्रयोग गरिनेछ, र तिनले प्रत्येक विद्यालय र कक्षाकोठामा सहज (कन्ड्युसिभ) सिक्ने वातावरण सिर्जना गर्न मदत गर्नेछन्। प्रिन्सिपलबाट निलम्बन वा सुपरिन्टेन्डेन्टबाट निष्कासनको सूचना नीति र कानुन अनुसार अभिभावकहरूलाई गरिनेछ। राज्य कानुन र डिस्ट्रिक्ट नीति जेके अनुरुप अभिभावकहरूलाई निश्चित कार्बाही बिरूद्ध अपील गर्ने अधिकार छ। नीति जेके, विद्यार्थी व्यवहार र अनुशासनका प्रतिलिपिहरू प्रिन्सिपलको कार्यालय वा डिपिएस वेबपेज www.dpsk12.org विद्यालय बोर्ड - नीतिहरूमा उपलब्ध छन्।

**कुनै बच्चा नछुटोस् (नो चाइल्ड लेफ्ट बिहाईन्ड) - अभिभावकको जान्ने अधिकार**

विद्यालय जाने कुनै पनि विद्यार्थीका अभिभावकहरूले उनीहरूको विद्यार्थीको कक्षाकोठा शिक्षकको प्रोफेसनल योग्यता सम्बन्धी जानकारी अनुरोध गर्न सक्छन्। अनुरोध गरिएको जानकारीमा निम्न कुरा सामेल हुन्छ-

- ग्रेड तह र पढाइएका क्षेत्रहरूमा शिक्षकले राज्य प्रमाणिकरण मापदण्ड पूरा गर्छ कि गर्दैन;
- शिक्षकले राज्य प्रमाणिकरण मापदण्डहरू छूट गरिएको आकस्मिक वा अस्थायी अवस्थामा पढाइरहेको छ कि छैन
- शिक्षकको अन्डरग्राजुएट डिग्री मेजर र ग्राजुएट प्रमाणिकरण वा शिक्षकले लिएको डिग्री, जसमा प्रमाणिकरण वा डिग्रीको विधाको क्षेत्र पनि सामेल छ; र
- यदि बच्चाहरूलाई प्याराप्रोफेसनलहरूले सेवा दिइरहेका छन् भने तिनीहरूको योग्यता।

यी जानकारीहरू अनुरोध गर्न चाहने अभिभावकहरूले आफ्नो बच्चाको विद्यालयमा फोन गर्नु पर्नेछ। सो जानकारी उनीहरूलाई हुलाकद्धारा पठाइनेछ।

अभिभावकहरूलाई शीर्षक १ विद्यालयहरूमा योजनामा संलग्न हुने, समीक्षा गर्ने र विद्यालय व्यापी/विद्यालय सुधार योजनामा सुधार गर्ने र अभिभावक संलग्नताका लागि छुट्याइएको १ प्रतिशतको योजना र प्रयोगमा संलग्न हुने अधिकार छ। अभिभावकहरूलाई आवश्यक प्रवीणतातर्फ आफ्ना बच्चाहरूको प्रगति मापन गर्न प्रयोग गरिने विद्यालयको पाठ्यक्रम र मूल्याँकनहरूको व्याख्या प्राप्त गर्ने अधिकार रहेको छ। शीर्षक एक विद्यालय जाने विद्यार्थीहरूका अभिभावकहरू - जसलाई सुधारात्मक काम वा पुनर्संरचना निर्धारित गरिएको छ, - लाई ती निर्धारणहरूको प्रतिक्रियामा विद्यालयमा लिइने कार्बाहीहरूको निर्णय लिने प्रक्रियामा संलग्न हुने अधिकार रहेको छ। आफू कसरी संलग्न हुन सकिन्छ भन्ने कुरा हेर्नका लागि आफ्नो विद्यालयमा सम्पर्क गर्नुहोस्।

अभिभावकहरूलाई आफ्ना बच्चा (हरू)को एनसिएलबि रिपोर्ट कार्ड हेर्न र प्राप्त गर्ने अधिकार छ। विद्यालय रिपोर्ट कार्डहरू http://schoolforms.dpsk12.org/schoollist बाट प्राप्त गर्न सकिनेछन् वा ७२०-४२३-३०५४मा फोन गरेर प्रतिलिपि प्राप्त गर्न सकिन्छ।

**रोजाईको विद्यालय**

डिपिएस "रोजाई" प्रक्रियाले विद्यार्थीहरूलाई उनीहरूको आवासलाई सेवा नगर्ने डेनभर पब्लिक स्कूलमा आवेदन गर्ने अनुमति दिन्छ। यस प्रक्रियाले डेनभर सहरभन्दा बाहिर बसोवास गर्ने विद्यार्थीहरूलाई पनि आवेदन गर्न अनुमति दिन्छ। यसका लागि तीनवटा आवेदन अवधिहरू छन् - पहिलो राउण्ड, दोस्रो राउण्ड र प्रशासनिक स्थानान्तरण राउन्ड। पहिलो राउण्ड, अघिल्लो वर्षको लागि, पूरै जनवरी महिनाभरी चल्दछ। दोस्रो राउन्ड पहिलो राउन्ड समाप्त हुने बित्तकै सुरु हुन्छ र अघिल्लो विद्यालय वर्षको लगभग दुई हप्तासम्म चल्दछ। प्रशासनिक स्थानान्तरण प्रक्रिया त्यसपछाडिको विद्यालय वर्षभरी चल्दछ।

पहिलो राउन्डमा, स्थानभन्दा बढी आवेदकहरू भएमा, विद्यार्थीहरूलाई उनीहरूलाई दिइएको र्‍यान्डम सङख्या (कुनै क्रम बिना) र प्राथमिकता कोड (जस्तै, विद्यालय गइरहेको, घरको क्षेत्रमा फर्कँदै, दाजुबहिनी प्राथमिकता, डेनभर वासी आवेदक (ती जो सहर/काउन्टी सीमभित्र बसोबास गरिरेका छन्), गैर-आवासीय दाजुबहिनीहरू र आवेदकहरूका आधारमा स्वीकार गरिन्छ। स्थान उपलब्ध भएमा पहिलो राउन्डका आवेदनहरू स्वीकृत गरिनेछ।

दोस्रो राउन्डका बेला आवेदनहरूलाई तिनीहरू प्राप्त भएको क्रममा स्वीकार गरिन्छ र पहिलो राउन्डका आवेदकहरूलाई स्थान उलपलब्ध गराइसकेपछि बाँकी रहेको स्थानको उपलब्धतामा आधारित रहेर स्वीकार गरिन्छ।

प्रशासनिक स्थानान्तरण पूरा गर्नका लागि, आवेदन पूरा गरिएको हुनुपर्दछ र डिस्ट्रिक्ट प्रशासकले स्वीकार वा अस्वीकार गर्नु अघि पठाउने र लिने दुवै प्रिन्सिपलहरूले हस्ताक्षर गरेको हुनुपर्दछ। आवेदनमा स्थानान्तरणको कारण खुलाइएको हुनु आवश्यक छ। प्रशासनिक स्थानान्तरणलाई अस्वीकार गर्न सकिन्छ जब स्थान वा कार्यक्रम हुँदैन, अनुशासन वा सुरक्षा कारण हुनसक्छ, शैक्षिक कारण हुनसक्छ, वा अनुरोध सेमेस्टरमा धेरै ढिलो बुझाइएको हुनसक्छ।

यसका अतिरिक्त, २००१ को कुनै पनि बच्चा नछुटोस् अधिनियम अनुरूप, शीर्षक एक विद्यालयका छिमेक क्षेत्रमा बसोवास गर्ने डिपिएसका विद्यार्थीहरू जसले वार्षिक प्रगति लक्ष्यहरू प्राप्त गरेका छैनन् तिनलाई डिपिएस नीतिहरू अनुरूप यातायात प्रदान गर्ने अन्य डिपिएस विद्यालयहरूमा जाने विकल्प छ। (हाइविद्यालय यातायात आरटिडि बसहरूमा प्रदान गरिन्छ।) यदि यो विकल्प लागू हुन्छ भने विद्यार्थीहरूलाई सूचीत गरिनेछ र आवेदनहरू समवर्ती देखि परम्परागत छनोट अनुसार आवेदनहरूको प्रक्रिया चलाइने छ।

**यौनिक उत्पीडन - नीति जेबिबि/जात वा रङ वा राष्ट्रिय उत्पत्ति, लैङ्गिक झुकाव, लैङ्गिक पहिचान, असक्तता वा धर्म (विद्यार्थी) - नीति जेबिबिए**

विद्यालय डिस्ट्रिक्टभित्र हरेक विद्यार्थीको त्यस्तो वातावरणमा सिक्न पाउने अधिकार छ जुन यौनिक उत्पीडनबाट मुक्त छ र जात वा रङ, उत्पत्ति राष्ट्र, यौनिक झुकाव, लैङ्गीक पहिचान, असक्तता वा धर्ममा आधारित उत्पीडनबाट मुक्त छ। उत्पीडनका गुनासोहरू सबन्धित बोर्ड नीतिहरू अनुरूप तुरुन्तै छानबिन गरिनेछन् ।

**विद्यालय प्रकाशन कोड - नीति जेआइसिइए**

डिपिएसले त्यस्तो प्रकाशन कोड स्वीकृत गरेको छ जसले विद्यार्थीहरूले बोली र प्रेसको स्वतन्त्रता अभ्यास गर्ने अधिकार राख्ने कुरा पहिचान गर्दछ, विद्यार्थी प्रकाशनमा भएको कुनै अभिव्यक्ति, त्यस्तो प्रकाशन विद्यालय प्रायोजित भए पनि नभए पनि, डिस्ट्रिक्ट नीति जेआइसिइए मा पहिचान भए बाहेक पूर्व अवरोधको भागीदार हुनसक्छ। नीति जेआइसिइएका प्रतिलिपिहरू (विद्यालय सम्बन्धित विद्यार्थी प्रकाशनहरू) र नीति जेआइसिइए-आर (विद्यालय आधारित विद्यार्थी प्रकाशनहरू विद्यार्थी) डिपिएसको वेबपेज www.dpsk12.org विद्यालय बोर्ड नीतिहरूमा उपलब्ध छन्।

**यौन उत्पीडक जानकारी**

प्रक्रियाहरूसँग सम्बन्धित जानकारी जसद्वारा समुदायका सदस्यहरूले कानुन कोलोराडो यौन दोषी रजिस्ट्रेसन कार्यान्वयन अधिनियम अनुरुप सङ्कलित कार्यान्वयन जानकारी प्राप्त गर्न सक्छन्, अनलाइन http: dcj.state.co.us/odvsom/Sex_Offender/SO_Pdfs/schoolresourceguideregistration.pdf मा र सिडिइको वेबसाइट http:www.cde.state.co.us/cdeprevention/download/pdf/school_sex_offender_guide.pdf मा उपलब्ध छ।

यसका अतिरिक्त यस मार्गदर्शकका प्रतिहरू अनुरोध गरिएको खण्डमा २.०० डलर प्रतिलिपि शुल्क तिरेर विद्यार्थी सेवाहरू विभागमा प्राप्त गर्न सकिन्छ। समुदायका सदस्यहरूले ती स्थानहरूमा दस्तावेज निशुल्क हेर्न पाउछन् र माथि सूचीकृत वेबसाइटहरूबाट निशुल्क डाउनलोड गर्न सकिन्छ।

**अभिभावकको उपस्थिति दायित्व**

कोलोराडो कानुन अनुरुप हरेक अभिभावकको आफ्ना बच्चाहरूले पर्याप्त शिक्षा र तालिम पाएको कुरा सुनिश्चित गर्ने दायित्व हुन्छ। तदनुरूप, सात वर्ष माथि र सत्र वर्ष मुनिको बच्चाको प्रत्येक अभिभावकको त्यस्तो बच्चा विद्यालय गएको सुनिश्चित गर्ने दायित्व हुन्छ।

## नीति - आइएचबिइए - दोस्रो भाषाका रूपमा अङ्ग्रेजी

**अङ्ग्रेजीभन्दा अन्य भाषा प्रधान भएका बच्चाहरूलाई शैक्षिक अवसरहरू प्रदान गर्ने कोलोराडो राज्यको मनसाय अनुरूप, डिस्ट्रिक्टले किन्डरगार्टन देखि १२ सम्मका त्यस्ता सबै विद्यार्थीहरूलाई उपयुक्त शैक्षणिक कार्यक्रमहरू प्रदान गर्नेछ जुन कोलोराडो राज्य कानुन र कोलोराडो शिक्षा विभागको आवश्यकता अनुरूप हुनेछ। वर्तमान अभ्यासलाई कोड गरिएको १९९३ मा स्वीकृत गरिएको**

:__________________ मिति __________________ को __________________ दिनमा पुस्तिका __________________ **स्वीकृति गरिएको**

**कानुनी सन्दर्भ सि.आर.एस २२-२४-१०१ देखि २२-२४-१०५ (अङ्ग्रेजी भाषा प्रवीणता अधिनियम) १ सिसिआर ३०१-१० नियमहरू २२२४-आर-१ देखि २२२४-आर-३**

स्वीकार गरिएको : मार्गदर्शनको मिति

**विद्यार्थीहरू र अभिभावकहरूका लागि डिस्ट्रिक्ट नीति मार्गदर्शक**

कृपया डिस्ट्रिक्ट नीतिहरूको तात्कालिक सस्करणका लागि डिपिएस वेबसाइट www.dpsk12.org/policies मा हेर्नुहोस् वा तपाइँको विद्यालयमा प्रतिलिपि हेर्नको लागि सोध्नुहोस् ।

**डेनभर पब्लिक विद्यालयहरू**
**९०० ग्रान्ट स्ट्रिट - डेनभर कोलोराडो ८०२०३**
**टेलिफोन ७२०-४२३-३४०० टिटिवाइ-टिडिडि ७२०-४२३-३७४१**